# स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड

# Swarojgar Laghubitta Bittiya Sanstha Limited.

नेपाल राष्ट्र बैंक बाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था ( राष्ट्रियस्तर कार्यक्षेत्र भएको )

केन्द्रीय कार्यालय : बनेपा -५, काभ्रे, फोन नं.: ०११-६६१०६०, ईमेल : info@slbbl.com.np


## Unaudited Quarterly Financial Statement

**At Quarter Ended Ashwin, 2078.079**

NRs.In'000

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **6,845,057.44** | **5,938,649.99** | **4,398,686.43** |
| 1.1 | Paid-up Capital | 411,279.30 | 411,279.30 | 365,937.12 |
| 1.2 | Reserves and Surplus | 258,744.97 | 207,353.45 | 129,110.20 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 3,023,376.49 | 2,374,280.84 | 1,616,416.56 |
| 1.5 | Deposits (a+b) | 2,740,400.58 | 2,574,679.20 | 1,987,785.78 |
| | a. Domestic Currency | 2,740,400.58 | 2,574,679.20 | 1,987,785.78 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 88,162.61 | 66,137.67 | 48,052.89 |
| 1.7 | Other Liabilities | 323,093.48 | 304,919.54 | 251,383.88 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,845,057.44** | **5,938,649.99** | **4,398,686.43** |
| 2.1 | Cash & Bank Balance | 194,295.44 | 185,910.63 | 209,140.71 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 1,010.00 | 1,010.00 | 1,010.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 6,387,354.91 | 5,567,445.70 | 4,038,570.98 |
| | a. Real Estate Loan | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | | | |
| | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| | f. Others | 6,387,354.91 | 5,567,445.70 | 4,038,570.98 |
| 2.5 | Fixed Assets | 42,131.69 | 38,177.06 | 36,940.96 |
| 2.6 | Non-Banking Assets | | | |
| 2.7 | Other Assets | 220,265.39 | 146,106.60 | 113,023.79 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 212,207.85 | 656,914.22 | 109,418.43 |
| 3.2 | Interest Expense | 108,634.71 | 316,691.71 | 64,211.62 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **103,573.13** | **340,222.51** | **45,206.81** |
| 3.3 | Fees Commission and Discount | 652.49 | 3,895.87 | 916.76 |
| 3.4 | Other Operating Income | 34,140.85 | 100,948.11 | 15,308.86 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **138,366.47** | **445,066.49** | **61,432.42** |
| 3.6 | Staff Expenses | 44,674.60 | 139,519.76 | 27,408.57 |
| 3.7 | Other Operating Expenses | 14,624.09 | 70,623.70 | 11,391.56 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **79,067.79** | **234,923.03** | **22,632.30** |
| 3.8 | Provision for Possible Loss | 10,806.43 | 96,906.40 | 166,746.11 |
| **D** | **Operating profit (C-3.8)** | **68,261.36** | **138,016.63** | **(144,113.82)** |
| 3.9 | Non-Operating Income/Expenses (Net) | 8,044.26 | 16,587.90 | 2,240.79 |
| 3.10 | Write Back of Provision for Possible Loss | | 90,349.80 | 196,725.34 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **76,305.62** | **244,954.34** | **54,852.32** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **76,305.62** | **244,954.34** | **54,852.32** |
| 3.12 | Provision For Staff Bonus | 7,630.56 | 24,495.43 | 5,485.23 |
| 3.13 | Provision For Tax | 20,602.52 | 66,137.67 | 14,810.13 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **48,072.54** | **154,321.23** | **34,556.96** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 10.00% | 10.63% | 11.53% |
| 4.2 | Non-Performing Loan (NPL) to Total Loan | 2.57% | 2.63% | 4.76% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 80.96% | 87.05% | 47.27% |
| 4.4 | Cost of Funds | 7.57% | 7.72% | 6.62% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 233.08% | 216.24% | 203.17% |
| | Additional Information (Optional) | | | |
| | Average Yield (Local Currency) | 14.90 | 14.93 | 14.82 |
| | Net Interest Spread (Local Currency) | 7.33 | 7.21 | 8.20 |
| | Return on Equity | 28.70 | 24.95 | 27.92 |
| | Return on Assets | 2.81 | 2.60 | 3.14 |

| Interest Rate | | | | |
|---|---|---|---|---|
| 1. Deposits | 6 % —14.21 % | | 2. Loan &Advances | 10%—15% |

**Note:**

1.If the statutory audit and supervisory authority remarks to change, unaudited financial statement will be changed accordingly.

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.ब.२०७८/०७९ को प्रथम त्रैमासिक प्रतिवेदन (२०७८/०६/३१)

**१) वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रतिशेयर आम्दानी (बार्षिकिकरण) | मुल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु. ४६.७५ | ३३.२६ Times | रु १६२.९१ | रु. १,६६४.३३ | ७.०९% |

**२) व्यवस्थापकिय विश्लेषण :**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण : विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसबाट सृजित विषम परिस्थितीको कारणले त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा लक्ष्य अनुसार वृद्धी हुन सकेको छैन । तथापी संस्थाले संचालन तथा वित्तीय लागतमा नियन्त्रण गर्दै लक्ष्य अनुसार मुनाफा प्राप्ती तर्फ अग्रसर रहेको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले हाल ३६ जिल्लामा कुल ९१ वटा शाखा कार्यालयहरु मार्फत १,१९,४१७ गरिब तथा विपन्न महिलाहरुलाई सदस्य बनाई सेवा प्रदान गरि रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा ब्यवसाय तथा लघुउद्यम जस्ता ब्यवसायहरु संचालनको लागि विशेष गरि महिलाहरुलाई केन्द्रित गरेर लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ । समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिवद्ध रहेको छ । वित्तीय संस्थाले सदस्यहरुलाई लघुउद्यमशिल हुन भन्ने अभिप्रायले समय-समयमा दिदैं आएको आयमूलक तालिम तथा कर्मचारीको कार्य दक्षता वृद्धिका लागी विविध प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेकोमा यस त्रैमासमा कोभिड-१९ को प्रभावका कारण प्रत्यक्ष रुपमा दिईने तालिमहरु संचालनमा कठिनाई भएता पनि केहि तालिमहरु संचालनमा ल्याएको साथै केहि बाह्य तालिमहरुमा समावेश गरिएको छ । आगामी समयमा सो सम्बन्धि तालिमहरुमा वित्तीय संस्थाले विशेष ध्यान पु-याउने छ । आर्थिक वर्ष २०७८/०७९ मा वित्तीय पहुंच नपुगेका ग्रामिण क्षेत्रहरुमा शाखा विस्तार गरि अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को प्रभाव र सो को असर यस वित्तीय संस्थामा पनि उल्लेख्य रुपमा पर्न गएको छ । यस परिस्थितीका बाबजुत पनि वित्तीय संस्थाको नियमित कार्य संचालनका लागी यस वित्तीय संस्थाका सम्पूर्ण कार्यालयहरु सुरक्षाका पर्याप्त उपायहरु अवलम्बन गर्दै आफ्ना ग्राहकहरु संग सम्पर्कमा रहने, सुरक्षित रहन जनचेतना तथा सहानुभुती प्रदान गर्ने, अप्ठेरोमा परेका ग्राहकहरुलाई सहयोग उपलब्ध गराउने, लघु व्यवसाय प्रवर्द्धन तथा आकस्मिक समस्या टार्नका लागी द्रुतगतीमा आवश्यक कर्जा उपलब्ध गराउने लगायतका सेवाहरु प्रदान गर्ने कार्य गर्दै आएको छ। फलस्वरुप ग्राहकहरुबाट पनि यस वित्तीय संस्थालाई राम्रो सहयोग प्राप्त भएको छ यद्यपी बजारमा भएको तरलताको अपर्याप्तताको कारण वृद्दी भएको व्याजदर र ने.रा बैंकबाट जारी निर्देशन अनुसार ब्याजदर १५% कायम भएकाले उल्लेख्य मात्रामा व्याज आम्दानीमा प्रभाव परे पनि समग्र रुपमा वित्तीय संस्थाको कार्य संचालन मुनाफामा नकरात्मक असर नपरोस भनि व्यवस्थापन पक्ष सचेत रहेको छ ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्ने घटना आदी भएमा सो सम्वन्धी विश्लेषणात्मक विवरण: विगतको अनुभवबाट जुन किसिमले सेवा विस्तार गरेको छ, सो बाट संस्थाले राखेका लक्ष्यहरु पुरा भएको हुँदा अन्य बर्ष पनि सबै लक्ष्यहरु हासिल हुनेमा संस्था व्यवस्थापन विश्वस्त छ । साथै नकारात्मक असर पार्न सक्ने घटना हुन नदिन संस्था सचेत छ ।

**३) कानुनी कारवाही सम्बन्धी विवरण:**

क) त्रैमासिक अवधिमा यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सुचना प्राप्त भएको पनि छैन ।

ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४) लघुवित्त वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण:**

क) शेयर कारोबार धितोपत्र बजारबाट निर्देशित रहने हुँदा यस संस्थाको शेयर कारोबार दोश्रो बजारमा सकारात्मक रहेको छ । लगानीकर्ताहरुको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा संस्थाको व्यवसायिक अभिवृद्धि संगै कारोबार मूल्य सकारात्मकता तर्फ उन्मुख भएको र भविष्यमा पनि हुने अपेक्षा गरिएको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार मिति २०७८/०४/०१ देखि २०७८/०६/३१ सम्मको अवधिमा संस्थाको शेयरको कारोबार विवरण निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.१,६८५ | रु.१,३८७ | रु. १,५५५ | ५७ | १५,४०३ |

**५) समस्या तथा चुनौती:**

यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धाले तथा कोभिड-१९ को प्रभावका कारण भविष्यमा श्रृजना हुने समस्यालाई व्यवस्थापन गर्न चुनौतिपूर्ण हुने देखिएको छ। यस प्रकृतिका संस्थाहरुको शाखा विस्तार हुने क्रम वढ्दो रुपमा देखिएकोले र ति सबै लघुवित्त संस्थाहरुको लक्षित वर्ग तथा क्षेत्र पनि एउटै रहेको हुंदा संस्थाहरु विच अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने संभावना पनि अत्याधिक देखिएकोले यसले भविष्यमा थप समस्या तथा चुनौती वढ्ने संभावना पनि देखिएको छ ।

**६) संस्थागत सुशासन:**

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्था सदैव प्रतिबद्ध रहेको छ । संस्थागत सुशासनमा विशेष ध्यान दिदैं संस्थाले अन्य विषयहरुको अतिरिक्त देहाय बमोजिमका कदमको समेत अवलम्बन गरेको छ ।

क) यस संस्थाको संचालक समिति, व्यवस्थापन, शेयरधनीहरु, लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्बर्धन गर्न सदैव प्रतिबद्ध रहेको अवगत गराइन्छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन कानुन र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरि संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि संचालक समितिले विभिन्न नीति, निर्देशिकाहरु तर्जुमा गर्ने र उक्त नीति निर्देशनलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आइरहेको छ ।

ख) संस्थागत सुशासन परिपालनाको लागि संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनिमयहरु, कर्जा लगानी तथा असुली निर्देशिका, कर्जा अपलेखन विनियमावली, समुह तालिम निर्देशिका, सुरक्षण कोष निर्देशिका अन्य आवश्यक कार्यविधिहरु बनाई लागु गरिएको छ ।

ग) संस्थाले आफ्नो कारोबार लाई चुस्त, दुरुस्त, छिटो, छरितो एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तथा व्यस्थापन तहमा लेखापरिक्षण समिति, व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम ब्यवस्थापन समिति तथा सम्पत्ती शुद्धिकरण समिति लगायत अन्य आवश्यक उप-समितिहरुको गठन गरेको छ ।

**७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन ।